

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य कार्यालय
बर्दिया



जनस्वास्थ्य बुलेटिन
अंक: ३,४
महिना: साउन र भदौ
आ. व: २०८३/८४

जनस्वास्थ्य बुलेटिन - २०८३ साउन र भदौ महिना

मुख्य उपलब्धीहरु

- बर्दिया जिल्लामा रहेका सम्पूर्ण स्थानीय तहअन्तर्गतका स्वास्थ्य संस्थाहरूको **DHIS-2** मार्फत **Data Verification** गरी **Health Indicators** हरूको गुणस्तर सुनिश्चित गरिएको ।
- स्वास्थ्य कार्यालय, बर्दियाको वार्षिक समीक्षा कार्यक्रम सञ्चालन गरिएको ।
- स्वास्थ्य कार्यालयमार्फत सञ्चालन भएका विभिन्न स्वास्थ्यसम्बन्धी कार्यक्रमहरूको प्रगति सम्बन्धी वार्षिक प्रतिवेदन तयार गर्नका निम्ति कार्ययोजना निर्माण गरियो।
- **Panel Discussion program regarding "Basic Health Services for Universal Health Coverage its challenges"** कार्यक्रम संचालन गरिएको ।
- बर्दिया जिल्लामा रहेका सम्पूर्ण स्थानीय तह अन्तर्गत रहेका निजि तथा सामुदायिक बिद्यालयमा अध्ययनरत कक्षा छ का छात्राहरू र बिद्यालय नजाने समुदायका १० बर्षका किशोरिहरुलाई लक्षित गरि **HPV** खोप अभियान संचालन गरियो।

संचालित कार्यक्रमहरुको विवरण

बर्दिया जिल्लामा रहेका सम्पूर्ण स्थानीय तहअन्तर्गतका स्वास्थ्य संस्थाहरूको DHIS-2 मार्फत Data Verification गरी Health Indicators हरूको गुणस्तर सुनिश्चित गरिएको ।

कृयाकलापहरू:

- बर्दिया जिल्लाका सबै स्थानीय तहअन्तर्गत रहेका स्वास्थ्य संस्थाहरूको DHIS-2 मा प्रविष्ट गरिएको स्वास्थ्य तथ्याङ्कको समीक्षा तथा प्रमाणीकरण गरिएको।
- स्वास्थ्य संस्थाबाट प्राप्त मासिक HMIS प्रतिवेदन, रजिस्टर तथा DHIS-2 मा प्रविष्ट तथ्याङ्कबीच तुलना गरी तथ्याङ्कको शुद्धता परीक्षण गरिएको।
- विभिन्न स्वास्थ्य कार्यक्रमका मुख्य स्वास्थ्य सूचकहरू (Health Indicators) को अवस्था समीक्षा गरिएको।
- DHIS-2 मा प्रविष्ट तथ्याङ्कमा देखिएका त्रुटि, दोहोरो प्रविष्टि, छुटेका तथ्याङ्क तथा अस्वाभाविक/असंगत तथ्याङ्क पहिचान गरिएको।
- स्वास्थ्य संस्थाको स्रोत रजिस्टर, रिपोर्टिङ फारम तथा DHIS-2 को तथ्याङ्कबीच Consistency र Completeness परीक्षण गरिएको।
- गलत वा अपूर्ण तथ्याङ्क देखिएका स्वास्थ्य संस्थाहरूलाई तथ्याङ्क सच्याउन तथा आवश्यक सुधार गर्न सहजीकरण गरिएको।







स्वास्थ्य कार्यालय, बर्दियाको वार्षिक समीक्षा कार्यक्रम

स्वास्थ्य कार्यालय, बर्दियाको आयोजनामा मिति २०८३/०५/२२ र २३ गते गुलरियामा बार्षिक समिक्षा तथा योजना तर्जुमा कार्यक्रम संचालन गरियो। कार्यक्रममा जिल्ला स्थित सम्पूर्ण स्थानीय तह तथा स्वास्थ्य संस्था अन्तर्गतका स्वास्थ्य सम्बन्धी कार्यक्रमको वार्षिक प्रगति तथा उपलब्धिहरूको समीक्षा गर्नुका साथै कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या, चुनौती तथा कमजोरीहरूको पहिचान गर्दै, स्वास्थ्य संस्था तथा स्थानीय तहबीच अनुभव, सिकाइ र उत्कृष्ट अभ्यासहरूको आदानप्रदान गर्ने, आगामी आर्थिक वर्षका लागि यथार्थपरक कार्ययोजना, लक्ष्य तथा बजेट तर्जुमा गर्ने र स्वास्थ्यकर्मीहरूको प्राविधिक क्षमता अभिवृद्धि तथा समन्वय सुदृढ गर्ने जस्ता कृयाकलाप हरुमा छलफल गरियो।





Panel Discussion program regarding "Basic Health Services for Universal Health Coverage its challenges" कार्यक्रम

- Universal Health Coverage (UHC) तथा आधारभूत स्वास्थ्य सेवाको अवधारणा, महत्व र आवश्यकता सम्बन्धमा परिचयात्मक प्रस्तुति गरिएको।
- आधारभूत स्वास्थ्य सेवाको वर्तमान अवस्था, पहुँच, उपलब्धता, गुणस्तर र उपयोग सम्बन्धमा छलफल गरिएको।
- UHC हासिल गर्ने क्रममा स्वास्थ्य क्षेत्रमा देखिएका प्रमुख समस्या तथा चुनौतीहरू पहिचान गरिएको।
- स्वास्थ्य सेवामा भौगोलिक, आर्थिक तथा सामाजिक पहुँचका चुनौतीहरू सम्बन्धमा प्यानल छलफल गरिएको।
- आधारभूत स्वास्थ्य सेवाको प्रभावकारी प्रवाहका लागि आवश्यक मानव स्रोत, औषधि तथा स्वास्थ्य सामग्री, पूर्वाधार र बजेट व्यवस्थापन सम्बन्धमा छलफल गरिएको।
- स्वास्थ्य सेवाको गुणस्तर सुधार तथा सेवाग्राहीमैत्री सेवा प्रवाह सम्बन्धमा प्यानलिस्टहरूबाट विचार तथा अनुभव प्रस्तुत गरिएको।
- स्वास्थ्य क्षेत्रमा संघ, प्रदेश तथा स्थानीय तहबीचको समन्वय र सहकार्य सम्बन्धमा छलफल गरिएको।
- स्वास्थ्य बीमा, सामाजिक सुरक्षा तथा आर्थिक जोखिमबाट संरक्षण (Financial Protection) का विषयमा छलफल गरिएको।
- स्वास्थ्य सेवामा रहेका असमानता तथा पहुँचमा पछाडि परेका समुदायलाई सेवाको मूल प्रवाहमा ल्याउने उपायहरू सम्बन्धमा विचार आदान—प्रदान गरिएको।

- स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवाको कार्यान्वयनका क्रममा देखिएका व्यावहारिक समस्या, अनुभव तथा असल अभ्यासहरू प्रस्तुत गरिएको।
- सहभागीहरूबाट उठाइएका जिज्ञासा, प्रश्न तथा सुझावहरूमा प्यानलिस्टद्वारा छलफल तथा जवाफ प्रदान गरिएको।
- UHC प्राप्तिका लागि बहुक्षेत्रीय समन्वय, समुदायको सहभागिता तथा स्वास्थ्य प्रणाली सुदृढीकरण को आवश्यकतामाथि जोड दिइएको।
- छलफलबाट प्राप्त मुख्य निष्कर्ष, चुनौती तथा सुधारका सम्भावित उपायहरू संक्षेपमा प्रस्तुत गरिएको।
- आधारभूत स्वास्थ्य सेवाको पहुँच, गुणस्तर र निरन्तरता सुधार गर्न आगामी कार्यदिशा तथा प्राथमिकताहरू पहिचान गरिएको।
- कार्यक्रमको अन्त्यमा प्यानलिस्ट, सहभागी तथा सम्बन्धित सरोकारवालाहरूलाई धन्यवाद ज्ञापन गर्दै कार्यक्रम समापन गरिएको।

HPV खोप अभियान कार्यक्रम

बर्दिया जिल्लाका सम्पूर्ण ८ वटा स्थानीय **तह** अन्तर्गत रहेका निजी तथा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६ का छात्राहरू तथा विद्यालय बाहिर रहेका १० वर्ष उमेरका किशोरीहरूलाई लक्षित गरी पाठेघरको मुखको क्यान्सरबाट बचाउन HPV खोप अभियान सञ्चालन गरिएको थियो। मिति २०८३ भदौ २४ गतेदेखि स्वास्थ्य कार्यालय, बर्दियाको आयोजना तथा सम्बन्धित स्थानीय तह, स्वास्थ्य संस्था, विद्यालय र सरोकारवालाहरूको समन्वयमा अभियान सञ्चालन गरिएको थियो।

मुख्य क्रियाकलापहरू

१. **जिल्लास्तरीय अभियानको योजना तथा समन्वय**
   - जिल्लाका सबै ८ वटा स्थानीय तहमा HPV खोप अभियान सञ्चालन गर्न आवश्यक योजना तथा कार्यतालिका तयार गरिएको।
   - स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य संस्था, विद्यालय तथा सम्बन्धित सरोकारवालासँग समन्वय गरिएको।
   - अभियानको प्रभावकारी सञ्चालनका लागि स्थानीय तहअनुसार लक्षित समूह तथा खोप केन्द्रको व्यवस्थापन गरिएको।

२. **लक्षित किशोरीहरूको पहिचान तथा सूचीकरण**
   - सामुदायिक तथा निजी विद्यालयमा अध्ययनरत कक्षा ६ का छात्राहरूको तथ्याङ्क संकलन तथा अद्यावधिक गरिएको।
   - विद्यालय नजाने समुदायका १० वर्ष उमेरका किशोरीहरूको पहिचान गरी खोप सेवामा समेट्ने व्यवस्था गरिएको।
   - विद्यालय तथा समुदायबाट प्राप्त लक्षित जनसंख्याको विवरणलाई स्थानीय तह तथा स्वास्थ्य संस्थासँग समन्वय गरी प्रमाणीकरण गरिएको।

३. **विद्यालय तथा समुदायमा खोप केन्द्र व्यवस्थापन**
   - विद्यालयमा खोप सञ्चालनका लागि आवश्यक स्थान तथा खोप केन्द्रको व्यवस्थापन गरिएको।
   - विद्यालय बाहिर रहेका किशोरीहरूलाई समेट्न सम्बन्धित स्वास्थ्य संस्था तथा समुदायमा आवश्यक खोप केन्द्र सञ्चालन गरिएको।
   - खोप केन्द्रमा आवश्यक जनशक्ति, खोप सामग्री तथा अभिलेख व्यवस्थापन गरिएको।

४. **खोपकर्मी तथा स्वास्थ्यकर्मी परिचालन**
   - अभियानका लागि स्वास्थ्यकर्मी तथा सम्बन्धित कर्मचारीहरूलाई जिम्मेवारी तोकी परिचालन गरिएको।
   - खोप दिने स्वास्थ्यकर्मी तथा सहयोगी कर्मचारीहरूबीच कार्यविभाजन गरिएको।
   - खोप सञ्चालन, सुरक्षित खोप अभ्यास, अभिलेखीकरण तथा प्रतिकूल घटना व्यवस्थापनसम्बन्धी आवश्यक समन्वय गरिएको।

५. **खोप तथा कोल्ड चेन व्यवस्थापन**
   - आवश्यक मात्रामा HPV खोपको उपलब्धता सुनिश्चित गर्न स्थानीय तह तथा स्वास्थ्य संस्थासँग समन्वय गरिएको।

- खोपको सुरक्षित भण्डारण तथा निर्धारित तापक्रममा ढुवानी र प्रयोगका लागि कोल्ड चेन व्यवस्थापनमा सहजीकरण गरिएको।
- खोप तथा आवश्यक सामग्रीको उपलब्धता र प्रयोगको नियमित अनुगमन गरिएको।

६. खोप सेवा सञ्चालन तथा सुरक्षित खोप अभ्यास

- लक्षित किशोरीहरूलाई निर्धारित मापदण्डअनुसार HPV खोप प्रदान गरिएको।
- खोप दिनुअघि आवश्यक विवरण यकिन तथा खोपपश्चात आवश्यक निगरानी गरिएको।
- खोपपछि देखिन सक्ने सामान्य प्रतिकूल प्रभावबारे किशोरी तथा अभिभावकलाई जानकारी दिइएको।

७. विद्यालय तथा स्वास्थ्य संस्थाबीच समन्वय

- विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा विद्यालय व्यवस्थापन पक्षसँग समन्वय गरी खोप कार्यक्रम सञ्चालन गरिएको।
- विद्यालयमा अनुपस्थित वा विद्यालय नजाने लक्षित किशोरीहरूलाई समेत खोप सेवामा समेट्न समुदाय तथा स्वास्थ्य संस्थामार्फत पहल गरिएको।

८. अनुगमन तथा सुपरिवेक्षण

- स्वास्थ्य कार्यालय, बर्दियाबाट विभिन्न स्थानीय तह तथा खोप केन्द्रहरूको अनुगमन तथा सुपरिवेक्षण गरिएको।
- खोप सेवाको पहुँच, लक्षित समूहको सहभागिता, खोप सामग्रीको व्यवस्थापन तथा अभिलेखीकरणको अवस्थाको अनुगमन गरिएको।
- अभियान सञ्चालनका क्रममा देखिएका समस्या पहिचान गरी सम्बन्धित स्थानीय तह तथा स्वास्थ्य संस्थासँग समन्वय गरी समाधान गरिएको।

९. तथ्याङ्क तथा अभिलेख व्यवस्थापन

- खोप लगाएका किशोरीहरूको आवश्यक विवरण व्यवस्थित रूपमा अभिलेख गरिएको।
- विद्यालय तथा समुदायबाट प्राप्त खोपसम्बन्धी तथ्याङ्क संकलन तथा स्थानीय तहसँग समन्वय गरिएको।
- खोप प्रगतिको नियमित समीक्षा गरी छुटेका लक्षित किशोरीहरूलाई सेवामा समेट्न आवश्यक पहल गरिएको।

HPV खोप कार्यक्रम २०८३ को लक्ष्य र प्रगति पालिका अनुसार

HPV खोप कार्यक्रम २०८३ को लक्ष र प्रगति पालिका अनुसार

क्र. स.	पालिकाको नाम	लक्षित कक्षा ६ का किशोरि	समुदायका १० बर्षका किशोरि	जम्मा लक्षित संख्या	खोप लगाएका कक्षा ६ का	खोप लगाएको समुदायका	जम्मा खोप पायका	प्रगति प्रतिशत	फिर्ता गरेको
१	बाँसगढी न.पा.	६४९	९	६५८	६३६	४	६४०	९७.३	०
२	बारबर्दिया न.पा.	६११	१३	६२४	५९५	०	५९५	९५.४	५
३	ठाकुरबाबा न.पा.	४३९	४	४४३	४३०	०	४३०	९७.१	०
४	गेरुवा गा.पा.	२७३	०	२७३	२७०	०	२७०	९८.९	०
५	राजापुर न.पा.	५५१	०	५५१	५३८	०	५३८	९७.६	०
६	मधुवन न.पा.	५०६	१९	५२५	४८०	०	४८०	९१.४	२०
७	गुलरिया न.पा.	६९६	५७	७५३	६२७	१४	६४१	८५.१	२१
८	बढैयाताल गा.पा.	५५१	१२	५६३	५३४	०	५३४	९४.८	१६
जम्मा		४२७६	११४	४३९०	४११०	१८	४१२८	९४%	६१

जिल्लामा प्राप्त खोप डोजः ४१६२, फिर्ता ३८ भाएल।


बाढ महिना



स्वास्थ्य कार्यालयको अनुरोध

१. पूर्ण खोप सुनिश्चित गरौं: प्रत्येक बालबालिकाले राष्ट्रिय खोप तालिका अनुसार समयमै सबै खोप प्राप्त गर्ने वातावरण निर्माण गरौं र पूर्ण खोप घोषणा अभियानलाई सफल बनाऔं।

२. पोषण र स्तनपानलाई प्राथमिकता दिऔं: जन्मेको एक घण्टाभित्र स्तनपान सुरु गरौं,पहिलो ६ महिनासम्म आमाको दूध मात्र खुवाऔं तथा BMS ऐनको प्रभावकारी कार्यान्वयनमा सबैले सहयोग गरौं।

३. स्वस्थ जीवनशैली अपनाऔं: सुर्तीजन्य पदार्थ,लागू पदार्थ तथा अस्वस्थकर खानाको प्रयोग न्यूनीकरण गरी सुरक्षित खानेपानी, सरसफाइ र स्वस्थकर खानपानलाई दैनिक जीवनको हिस्सा बनाऔं।







स्वास्थ्य कार्यालय, बर्दिया
गुलरिया, बर्दिया
"स्वस्थ नागरिक, समृद्ध बर्दिया"

"सचेत नागरिक, सुरक्षित समाज"

बाढी बाट बचौं
जीवन र सम्पति सुरक्षित राखौं

अतिवृष्टि एवं खोलानालाको कारणले आएको बाढीले मानव जीवन, घरपरिवार, खेतीपाती र सम्पत्तिमा ठूलो क्षति पुग्याउन सक्छ । त्यसैले सबैले सतर्कता अपनाऔं ।

बाढीको समयमा ध्यन दिनुपर्ने कुराहरु

- खोलानाला, नदी किनार र जलमग्न क्षेत्रबाट टाढा रहनुहोस् ।
- बाढी आएको स्थानमा हिँडडुल नगर्नुहोस् ।
- बिजुलीका पोल, तार तथा विद्युतीय उपकरणबाट टाढा रहनुहोस् ।
- रेडियो, टिभी वा आधिकारिक सूचनामार्फत मात्र जानकारी लिनुहोस् ।
- आवश्यक औषधि, खानेकुरा, पानी र आपतकालीन सामग्री तयार राख्नुहोस् ।
- आफ्नो परिवार, बालबालिका, बुजुर्ग्वुदी र अशक्त व्यक्तिहरुको सुरक्षा सुनिश्चित गर्नुहोस् ।

बाढीबाट बच्नका लागि

- समयलै सुरक्षित स्थानमा जानुहोस्,
- प्रशासनको निर्देशन पालना गर्नुहोस्,
- समुदायमा एकअर्कालाई सहयोग गर्नुहोस्,
- आफ्नो गाउँ, टोल र वडालाई सुरक्षित राख्न सक्रिय बनौं ।

सतर्कता अपनाऔं, बाढीबाट बचौं ।



सुसक्षित बर्दिया समृद्ध बर्दिया

स्वास्थ्य कार्यालय, बर्दिया
गुलरिया, बर्दिया

सम्पर्कको लागि

सूचना अधिकारीः पदमा कुमारी श्रेष्ठ (प.हे.न) +९७७ ९८५८०२१९९४ , shresthapadma85@gmail.com

हेल्लो स्वास्थ्य (स्वास्थ्य तथा जनसंख्या मन्त्रालय): १११५





स्वास्थ्य कार्यालय, बर्दियाको वेबसाइट

स्वास्थ्य कार्यालय, बर्दियाको फेसबुक पेज